# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ९] काठमाडौं ज्येष्ठ १४ गते २०१६ साल [अतिरिक्ताङ्क ४

श्री ५ को सरकार

### मुख्य सचिवको विभाग

श्री माननीय प्रधानमन्त्रीले ०१६।२।१४।५ मा रेडियो नेपालबाट प्रसारित गर्नु भएको संदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

देशका दाज्यू भाइ तथा दिदी बहिनीहरू,

मेरो तपाईंहरू सबैमा अभिनन्दन पुगोस । बडो विश्वासका साथ श्री ५ महाराजाधिराजबाट मलाइ देशको प्रधानमन्त्रीको सम्मानित जिम्मेदारी बक्सेको छ । हाले सम्पन्न भएको आम निर्वाचनमा बहुमत प्राप्त गरेको पार्टीको नेताको हैसियतले प्रधानमन्त्री पदको जिम्मेदारी मेरो काँधमा पर्न आएको छ । यस प्रकार राजा र प्रजा दुबैको विश्वास मलाई प्राप्त हुन सकेकोमा स्वभावतः मलाई अत्यन्त हर्ष, सन्तोष तथा उत्साह प्राप्त भएको छ । मेरो नेतृत्वमा गठित भएको मन्त्रिमण्डल राजा र प्रजा दुबैको विश्वासको पात्र तथा नयाँ व्यवस्थाको प्रतीक हुन गएको छ । निर्वाचनको आधारमा सरकार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गठन गर्ने प्रजातान्त्रिक परिपाटीको शुभारम्भ मलाइ प्रधानमन्त्री बनाउने व्यवस्थाबाट भएको छ। तसर्थ नेपालले आज एउटा नयां अध्यायलाई प्रारम्भ गरिहेको अनुभव हामी सबैमा भएको होला भन्ने मलाई विश्वास छ। आज इतिहासले हामीलाई नियतिको आमुन्ने सामन्ने स्थापित गरेको छ। यो परिवर्तित अवस्था र यसबाट प्राप्त भएको राष्ट्रिय अवसरलाई हामीले बिर्सनु हुँदैन।

श्री ५ महाराजाधिराजको सदिच्छा र मौसूफको प्रजातान्त्रिक प्रणाली माथि दृढ आस्थाले गर्दा नेपालको ऐतिहासिक निर्वाचन निष्पक्षतापूर्वक र निर्विघ्न सम्पन्न भएर सन्सारका सामु प्रजातन्त्रका प्रति हाम्रो देश नेपालको विश्वासलाई घोषित गरेको छ। जनताको सम्पूर्ण सहयोग र आस्था प्रजातन्त्रको मुख्य आधार तथा माध्यम निर्वाचनलाई प्राप्त भएकोले जनताको प्रजातान्त्रिक जागरूकता सन्देह रहित ढंगले प्रदर्शित भएको छ। यसका प्रति अनास्था उत्पन्न गराउने प्रयत्न अनुचित मात्र होइन देश नरेश र जनताको स्पष्ट भावनाको प्रतिकूल हुनेछ। हामी सबै नरेशको सदिच्छा तथा जनताको संकल्पका प्रतिपूर्ण विश्वास राखेर प्रजातान्त्रिक पद्धतिलाई दृढतर पार्न पट्टि लागौं भन्ने मेरो हार्दिक आव्हान छ।

मलाइ प्रधानमन्त्री मनोनित गर्ने अवसरमा श्री ५ महाराजाधिराजबाट संसदलाई अविलम्ब बोलाउनु पर्छ भन्ने हुकुम बक्सेको थियो। यस शाही इच्छालाई कदर गर्ने हाम्रो संकल्प छ। अहिलेसम्म त्यसतर्फ भएको कार्यको प्रगतिको बिचार गर्दा यस सम्बन्धमा चाहिने नियम तथा उपनियमहरू त अविलम्ब तैयार हुने सम्भावना देखिएको छ। तर संसदका लागि भवन उपयुक्त गराउन १॥ महीनाको समय लाग्ने भएकोले आषाढको दोस्रो तेस्रो हप्तामा कुनै ऐतिहासिक तिथिमा यो कार्य सम्पन्न गराउने हाम्रो बिचार छ।

हाम्रो सरकारको आधार जनताको विश्वास भएकोले र साथै हाम्रो राजनीतिक जीवनको मूल जरो पनि जनतामै पसेर यसले आफ्नो जीवन रस त्यसद्वारा पाइरहने हुनाले हाम्रो प्रथम र अन्तीम ध्यान देशवासी-हरूको कल्याण कार्य पट्टी सतत रही रहने छ। हाम्रो कार्यक्रमको आधारशीला हामीले जनताका समक्ष वचन वद्ध भई उपस्थित गरी सकेको हाम्रो निर्वाचन घोषणा-पत्र हो। सरकारको आर्थिक सामर्थ्य अनुसार त्यसमा उल्लिखित कायहरूको सम्पादन हाम्रो मुख्य लक्ष हुनेछ। हामीले आफ्नो कार्यक्रममा प्राथमिकता (१) प्रशासकीय तथा न्याय सम्बन्धी सुधार (२) अल्पकालीन तथा तत्काल परिणाम तथा लाभ ल्याउन सक्ने योजनाहरूलाई बिशेष ध्यान दिएर अहिलेसम्म भैरहेका विकास कार्यलाई झन द्रुतगतिले बढाउने कार्य (३) भूमि सुधार तथा किसानहरूको कल्याणकारी कार्य (४) लघुउद्योग धन्दाको विस्तार (५)

शिक्षा (६) स्वास्थ्य (७) यातायातको विस्तार आदि विषयलाई दिनेछौं । किसानहरू हाम्रो आर्थिक जीवनको मेरूदण्ड हुन् उनीहरूको कल्याणलेनै समाजको कल्याण हुन्छ भन्ने हाम्रो विश्वास छ । त्यसो हुनाले स्वभावतः उनीहरूको कल्याण पट्टी हाम्रो सरकारको सर्व प्रथम ध्यान जानेछ । विदेशबाट प्राप्त हुने सहायताको दुरूपयोग हुन नदी देशलाई अधिक से अधिक लाभ हुनेगरी यसको संगठन पट्टी हाम्रो सरकारको ध्यान जाने छ । पछिल्ला सरकारहरूद्वारा पनि समय समयमा योजना प्रारम्भ गरिएका हाम्रो कामहरूलाई सम्पन्न गर्ने पनि हाम्रो इरादा छ । पहिले उठान गरिएका उत्थान कार्यलाई अगाडि बढाउनका साथ साथै नयाँ कार्यहरूको शिलान्यास सरकारले गर्नेछ । सरकारले समय समयमा आफनो कार्यक्रम प्रकाशित गरीरहनेछ । संसदको बैठक बस्न थालेपछि उसका समक्ष विचारार्थ आफना योजनाहरू प्रस्तुत गर्नेछ । विकास कार्यलाई स्थानीय जनताको सहयोग ली उपयुक्त स्थानीय संगठनको माध्यमबाट गराउने प्रयत्न हामीले गर्नेछौं । यस सम्बन्धमा म एउटा कुरा भन्न चाहन्छु । निर्माण-कार्यका लागि चाहना मात्र यथेष्ट हुँदैन । यसका लागि प्रत्येक नागरिकले आफनो यावत् प्रयत्न राष्ट्रलाई अर्पित गर्न कटिबद्ध हुनुपर्छ। आजको अवसरमा जहाँ म तपाईहरूलाई सरकारले गर्न चाहेका कुराहरूको उल्लेख गर्छु त्यहाँ तपाईहरूलाई पनि आराम नगरीकन देशको संपत्ति वृद्धिमा सचेष्ट रहनु पर्छ भन्ने अपील पनि गर्छु ।

शिक्षा माथी विशेष ध्यान हाम्रो सरकारको रहने भएकोले स्वतः विद्यार्थीहरूको जीवनमा नयाँ स्फूर्तिक प्रेरणा आउने छ भन्ने मलाइ लागेको छ । शिक्षालयको अवस्था सन्तोषजनक नभएको हुनाले विद्यार्थीहरूको जीवनमा एक प्रकारको बेचैनी छ । यसलाई हटाएर उपयुक्त वातावरणमा हाम्रो विद्यार्थीहरूले विद्याध्ययन गर्न पाउनेछन । युवकहरूको उत्साह र आदर्श भावनालाई कुण्ठित हुन नदी देशको मंगलमय भविष्यका प्रति उत्तरदायित्वको भावना जागृत गराउने प्रयत्न सरकारले गर्नेछ । देशका विभिन्न वर्ग बुद्धिजीवी, शिक्षक, मजदूर, व्यापारी, महिला आदिले आफनो आफनो विकासको अवसर प्रजातन्त्रमा झन बढी मात्रामा पाउनेछन् । प्रजातन्त्रले सबैको विकासको बाटोलाई प्रशस्त गर्नेछ भन्ने कुरालाई प्रमाणित गर्ने जिम्मेदारी हामीहरूको भएको छ।

सरकारी कर्मचारीहरूले-जंगी या निजामती जुनसुकै ओहदामा भएपनि, नयाँ युग, जसको प्रादुर्भाव हालै सम्पन्न भएको निर्वाचनले गरेको छ । त्यसको अनुसार आफूलाई जनताको सेवक भन्ठान्नु पर्छ प्रशासकीय यन्त्र कल्याणकारी राजनीतिक तथा आर्थिक व्यवस्था, जसका सुखद कल्पना देशले गरेको छ, त्यसको निर्माण गर्ने सरकारी माध्यम हो । तसर्थ सरकारी

[illegible] प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

कर्मचारीहरूको ठूलो जिम्मेदारी छ । वहांहरूबाट देशको भलो हुने ठूलो यन्त्र चालीत भै रहेछ । यो यन्त्रलाई भ्रष्ट हुन नदिनु पनि वहाँहरू कै पवित्र अभिभारा छ । हाम्रो सरकारले भ्रष्टाचारलाई निर्मूल गर्ने अठोट गरेको छ । यस कार्यमा कर्मचारीहरूको उत्साह पूर्ण सहयोग सरकारलाई प्राप्त हुने छ भन्ने मलाई विश्वास छ । प्रशासकीय सुधार द्वारा सरकारले कर्मचारीहरूको इमान्दारीको कदर गर्ने र आफनो कर्तव्य तथा उत्तरदायित्व प्रति सदा सजग रहने प्रेरणा प्रदान गर्ने हाम्रो सरकारको इरादा छ । सरकारी कर्मचारीहरूको इज्जत तथा, आत्म सन्मानको रक्षा गर्ने अभिभारा पनि सरकारले लिने छ । शाही सेना-जो नेपाल जातिको एउटा गौरवको विषय छ उसले हाम्रो देशको मर्यादा राख्ने आफनो परम्परालाई नबिर्सि नयां उत्तरदायित्वलाई ससन्मान पूरा गर्नेछ भन्न मलाइ बिश्वास छ । शाही सेनाबाट तैयार तथा हालै श्री ५ महाराजाधिराज उद्घाटन भएको कान्ति राजपथ देश विकास कार्यमा शाही सेनाको प्रयत्नको एउटा सुन्दर नमुना भएको छ । यसले नेपाली हृदयमा उत्साह भरेकोछ । आजको दिन म जंगी निजामति पुलिस प्रभृति यावत कर्मचारीहरूलाई संझेर उहाँहरूले दलगत राजनीतिबाट तटस्थ रही श्री ५ को सरकार प्रति पूर्ण वफादार रही सरकारी नीतिलाई कार्यान्वित गर्नु पर्छ भन्ने कुरा सम्झाउन चाहन्छु ।

नेपालले विस्तार विस्तार मित्रताका सम्बन्ध विभिन्न राष्ट्रहरूसंग बढाउदै गएको छ । अन्तर राष्ट्रीय क्षेत्रमा पहिलेको नेपाल अहिले छैन । भारत संगको ऐतिहासिक तथा अविच्छिन्न मित्रता झन घनिष्टतर भइरहेको छ । हाम्रो छिमेकी देश चीन संग हाम्रो मित्रताको सम्बन्ध पुनः स्थापित भएर हामी आफ्नो यो ऐतिहासिक सम्बन्धलाई झन झन बलियो पारी रहेछौं । रूसद्वारा नेपालमा आफ्नो दूतावास स्थापित गर्न हामीले स्वागत गरेकाछौं र अविलम्ब रूसी दुतावास काठमाडौंमा स्थापित हुनेछ । यस प्रकार अरू मित्र राष्ट्र हरूलाई पनि स्वागत गर्ने अरू अरू मौका हामीले पाउने छौं । संयुक्त राष्ट्रमा हाम्रो सदस्यता भएकोले हाम्रो देशले आफनो राष्ट्रिय आदर्श अनुसार अन्तरराष्ट्रिय क्षेत्रमा कामगर्ने अवसर पाएकोछ । हाम्रो सरकारले यो सदश्यताको सदुयोग विश्वशान्ति र हाम्रो राष्ट्रिय निति तटस्थताको स्वतन्त्र नीति को पक्षमा गर्नेछ । नेपालको हितलाई ध्यानमा राखेर हामीले तटस्थताको नीतिको अनुशरण गरेको कुरा मैले दोहऱ्यायेर भनी रहन पर्ने आवश्यकता छैन । नेपाल कुनै पनि सामरीक गूटमा लाग्न छैन ।

म आठ वर्ष पछि पुनः तपाईहरूको बीच सरकारी पदमा रहेर काम गर्न आइरहेछु त्यो आठ वर्ष पहिलेको अवसर नयां जमानालाई ल्याउनका लागि एउटा द्वार उद्घाटन समारोह जस्तो थियो । त्यो अनियन्त्रित उत्साहको अवसर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आज आठ वर्ष पछि पुनः म उपस्थित भएकोछु । आजको जिम्मेदारी निर्माण-
को जिम्मेदारी छ । संगठनको जिम्मेदारी छ । आज केवल उत्साह मात्र अपे-
क्षित छैन । आज चाहियेका छ त्यस्ता राष्ट्रिय संगठन जस द्वारा प्रजातान्त्रिक
प्रणालीमा समाजको कल्याणकारी कार्यको सम्पादन हुन सकोस् !

प्रजातन्त्रलाई बलियो पार्ने अथवा देशको विकास कार्यलाई सपादन गर्ने उत्तर-
दायित्व सबैको कांधमा छ । देशलाई अगाडि बढाउनको लागि सबैको सहयोग
हामीलाई अपेक्षित छ । प्रजातन्त्रमा विरोधको पनि असाधारण महत्व छ नत्र
भने सरकारको प्रवृत्ति अधिनायकवादी हुने भय हुन्छ । तर जस्तो सरकारलाई
ठूलो जिम्मेदारी परेको हुन्छ उस्तै विरोधी तत्वहरूलाई पनि । उनीहरूबाट अनु-
त्तर दायित्वपूर्ण काम हुन गएमा देशलाई उत्तिकै घात पर्छ जति सरकारको
अनुत्तरदायी कार्यले । तसर्थ म सबैको सहयोगको लागि आज हृदय देखि अपील
गर्दछु । देश सबैको साजा हो । नेपालको उज्वल भविष्य हामी सबैको
सामूहिक आशा हो । नियतिले हामीलाई निर्माण, उत्थान र गौरवको मार्गमा
अग्रसर हुन आह्वान गरिरहेको छ । के आजको ऐतिहासिक क्षणमा हामी
आफ्नो स्वार्थ, सकीर्णता तथा दुर्बलतालाई त्यागेर नियतिको वाणीलाई सुन्न
सक्तैनौं ? यति भनेर सबैमा पुनः अभिनन्दन पुऱ्याएर तपाईंहरूसग अहिले
विदा हुन्छु ।

जयनेपाल ।

आज्ञाले,—

चन्द्रबहादुर थापा

श्री ५ को सरकारको मुख्य सचिव

मुख्य सचिवको विभाग ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।